SPEAK UP STOP DISCRIMINATION

HUMAN RIGHTS DAY 2010

# राष्ट्रिय मानवअधिकार आयोग (आयोग)द्वारा मानवअधिकार दिवसको स्मरण गर्न आयोजित कार्यक्रममा नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय माबनवअधिकार उच्चायुक्तको कार्यालय (उच्चायुक्तको कार्यालय-नेपाल)का अफिसर इन्चार्ज एन्थोनी कार्डोनद्वारा दिइएको मन्तव्य

## २०६७ मङ्सिर २४, काठमाडौं

नमस्ते!

सम्माननीय प्रधानन्यायाधीश रामप्रसाद श्रेष्ठ, राष्ट्रिय मानवअधिकार आयोगका माननीय अध्यक्ष केदारनाथ उपाध्याय, राष्ट्रिय दलित आयोगका माननीय अध्यक्ष बिजुलकुमार विश्वकर्मा, राष्ट्रिय महिला आयोगकी माननीय अध्यक्ष नैनकला थापा, गैसस महासङ्घका अध्यक्ष डा नेत्र तिम्सिना, मानवअधिकार महामेलाका संयोजक गणेश विक, राष्ट्रिय मानवअधिकार आयोगका आयुक्तहरू, माननीय मन्त्रीहरू, संविधानसभाका माननीय सदस्यहरू, महामहिम, मानवअधिकार आयोगका कर्मचारी, राष्ट्रसङ्घका सहकर्मी साथीहरू, नागरिक समाज तथा सञ्चार जगतका प्रतिनिधिहरू र महिला तथा सज्जनवृन्दः

मानवअधिकार उच्चायुक्त तथा सम्पूर्ण राष्ट्रसङ्घकै तर्फबाट यस्तो महत्त्वपूर्ण अवरसमा बोल्न पाउँदा मैले आफूलाई गौरवान्ति भएको महसुस गरेको छु। प्रत्येक वर्ष मानवअधिकार उच्चायुक्तले मानवअधिकार दिवसका निम्ति विश्वव्यापी प्राथमिकताको पहिचान गर्नुहुन्छ। यस वर्षको विषय– "**खुलेर बोलौं... विभेदलाई रोकौं**" – विभेदको अन्त्यका लागि काम गर्ने मानवअधिकार रक्षकहरूप्रति समर्पित छ र त्यसरी हेर्दा यो विषय नेपालका लागि विशेषगरी सान्दर्भिक छ।

मलाई लाग्छ यहाँ उपस्थित सबैजना नेपालमा जातीय विभेद तथा छुवाछुतका जारी अभ्यासहरू मानव मर्यादाका निम्ति अपमान हुन् र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनअन्तर्गत गैरकानुनी हुन् भन्ने कुरामा सहमत हुनुहुन्छ। तर, दलितहरूलाई अझै पनि मुलुकका धेरैजसो ठाउँहरूमा समाजका अन्य समुदायहरूले उपभोग गरेजस्ता अधिकार तथा स्वतन्त्रताहरूको उपभोग गर्न नसक्ने "अछुत"को रूपमा सम्झने र त्यसै रूपमा व्यवहार गर्ने गरिन्छ। सिद्धान्ततः यी अभ्यासहरू गैरकानुनी भए तापनि संरचनागत गरिबी, राज्यअधिकारीहरूद्वारा भएका अपर्याप्त कारबाही तथा सांस्कृतिक परम्परालगायतका केही कारणहरूले गर्दा जातिपातिका आधारमा व्यापक गरिबी भएको छ र यी अपराध गर्नेहरूले निरन्तर दण्डहीनताको उपभोग गरिरहेका छन्। विभेदको मुद्दालाई उचित तरिकाले सम्बोधन गर्ने तथा विभेद गर्नेहरूलाई दण्डसजाय गर्ने प्रभावकारी कानुनी खाकाको अभावले गर्दा यस स्थितिले निरन्तरता पाइरहेको छ।



Office of the High Commissioner
for Human Rights

Tel.: + 977 1 4280164
Fax: + 977 1 467 0712
Website: http://nepal.ohchr.org

For further information, contact
Chun Gurung
Ext. : 320
Email: cgurung@ohchr.org
Mobile: 98510 16937

अविभेद र समानता मुख्य अन्तर्राष्ट्रिय मानवअधिकार सिद्धान्तहरू हुन् र ***सबै*** राज्यका लागि ती बाध्यकारी हुन्छन्। अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअन्तर्गत जातीय विभेद तथा छुवाछुतलाई निषेध गर्न उपायहरू गर्ने नेपाल सरकारको दायित्व छ। नेपाल सरकारले केही महत्त्वपूर्ण अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरू अनुमोदन गरेको कुरालाई उच्चायुक्तको कार्यालय स्वागत गर्दछ। त्यस्ता महत्त्वपूर्ण दस्तावेजहरूमा अनुमोदन गरेको हुनाले नेपालले त्यस सम्बन्धमा उपयुक्त उपायहरू गर्नु आवश्यक छ। साथै, अन्तरिम संविधानले जातिपातिमा आधारित कुनै पनि विभेद तथा कुनै पनि प्रकारको छुवाछुतको अभ्यासलाई निषेध गरेको छ। यी सकारात्मक कदमहरू हुन् भन्ने कुरामा कुनै शङ्का छैन।

तर, लाखौं नेपालीका लागि विभेद दैनिक यथार्थको रूपमा रहेको नेपालको जनस्तरमा यी मापदण्डहरूले वास्तविक प्रभाव देखाउनका लागि कार्यान्वयन गर्न सकिने विशिष्ट कानुन हुनैपर्छ। सन् २००९ जुलाईमा संसदमा सम्बद्ध मस्यौदा कानुन पेस गर्ने सरकारको निर्णय सही दिशातर्फको एउटा कदम थियो। तर, संसदले त्यसयता यस कानुनमाथि थप विचारविमर्श नगर्नुले यस मुद्दालाई आवश्यक गम्भीरता तथा तत्परताका साथ नहेरिएको हो कि भन्ने चिन्ता उठाएको छ।

"खुलेर बोलौं....विभेदलाई रोकौं" भन्ने अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको विषयलाई स्मरण गर्न, उच्चायुक्तको कार्यालय तथा राष्ट्रिय दलित आयोगले छुवाछुतसम्बन्धी विधेयकको मस्यौदाको संयुक्तरूपमा समीक्षा गरेका छौं र हाम्रा टिप्पणीहरूको छोटो पुस्तिका आज नेपालभर प्रस्तुत गर्दैछौं। उपयुक्त विधेयकलाई तत्काल पारित गरी कानुन बनाउन वकालति गर्नु पनि यस पुस्तिकाको उद्देश्य रहेको छ।

यस पुस्तिकाले प्रस्तुत मस्यौदाका सबल पक्षहरू तथा हामीलाई यसले थप सुधार गर्नुपर्छ भन्ने लागेका क्षेत्रहरूको उल्लेख गरेको छ, जसले गर्दा यो सर्वाधिक प्रभाकारी कानुन बनेर अन्य कानुनहरूको हारमा उभियोस्। यसबारे विस्तृत विवरणहरू दिनलाई मसँग अहिले समय छैन तर यसलाई यथाशक्य चाँडो कानुनका रूपमा पारित गराउन भइरहेका प्रयासहरूको अङ्गका रूपमा यस दस्तावेजलाई उपयोग गर्न म मानवअधिकार समुदायका हाम्रा मित्रहरूलाई प्रोत्साहन गर्दछु।

विभेद मानिने कसुरहरूको उपयुक्त किसिमले परिभाषा गर्ने, अनुसन्धान तथा अभियोजनको थालनि गर्न प्रहरीको भूमिका तथा दायित्वहरूको स्पष्टसँग उल्लेख गर्ने तथा कसुरको गम्भीरतासँग समानुपातिक हुनेगरी दण्डसजायलाई सुनिश्चित गर्ने सही कानुनले यस मुलुकमा जातीय विभेदलाई उन्मूलन गर्ने प्रक्रियामा अत्यन्त महत्त्वपूर्ण भूमिका खेल्नेछ।

तर आवश्यक कानुनहरूको अनुपस्थितिमा महत्त्वपूर्ण चुनौतीहरूका बाबजुद विभेद तथा अन्य मानवअधिकार दुर्व्यवहारविरुद्धको लडाइँमा अग्रपङ्तिमा रहने मानवअधिकार रक्षकहरू नै हुन्छन्। दिनहुँ उनीहरू मानवअधिकार उल्लङ्घनहरूविरुद्ध निर्धक्क भएर बोल्छन् र त्यसरी बोल्दा आफ्नै र आफ्ना परिवारहरूको सुरक्षालाई प्रायः खतरामा पारिरहेका हुन्छन्। उनीहरूकै प्रयासले गर्दा महत्त्वपूर्ण प्रगतिहरू हुन सक्छन्। उदाहरणार्थ, नेपालको सुदूर पश्चिममा पर्ने बैतडी जिल्लामा विभेदसँग सम्बन्धित अपराधमा पीडकहरूविरुद्ध अदालतले गरेका सफल निर्णयहरू सो जिल्लामा भएका मानवअधिकार रक्षकहरूको सशक्त वकालति प्रयासहरूले गर्दा भएको हो।

तर, यी मानवअधिकार रक्षकहरूले मोलेका खतराहरू साँच्चै वास्तविक छन् र यस वर्षको सुरुमा जेनेभास्थित मानवअधिकार परिषद्ले धेरै मानवअधिकार रक्षकहरूले निरन्तर सामना गर्नुपरेका धम्कीहरूप्रति गम्भीर चासो व्यक्त गर्नुका साथै उनीहरूका निम्ति सुरक्षित वातावरणको प्रत्याभूति गर्नमा राज्यको भूमिकामाथि जोड दियो। यस सम्बन्धमा राष्ट्रिय मानवअधिकार संस्थाहरूको भूमिका पनि महत्त्वपूर्ण हुन्छ र राष्ट्रिय मानवअधिकार आयोगले मानवअधिकार



Office of the High Commissioner for Human Rights
Tel.: + 977 1 4280164
Fax: + 977 1 467 0712
Website: http://nepal.ohchr.org
For further information, contact Chun Gurung
Ext. : 320
Email: cgurung@ohchr.org
Mobile: 98510 16937

रक्षकहरूको संरक्षणका लागि वकालति गर्नमा एवं उनीहरूको क्षमता अभिवृद्धि गर्नमा महत्त्वपूर्ण भूमिका खेल्न आफूले सुरु गरिसकेका कदमहरूमाथि टेकेर अझ अगाडि बढ्नुपर्दछ भन्ने उच्चायुक्तको कार्यालयलाई लागेको छ।

जातीय विभेदलाई अन्त्य गर्ने प्रक्रिया बहुआयामिक हुन्छ। यसका लागि प्रहरी तथा अदालतका आ-आफ्ना भूमिकाहरूको स्पष्ट उल्लेखसहित सबै विभेदकारी अभ्यासहरूलाई उचित किसिमले गैरकानुनी घोषणा गर्न कानुनी संरचनाको आवश्यकता पर्दछ। तर स्थानीय मानवअधिकार रक्षकहरूले परिवर्तनका लागि वकालति गर्न स्थान भएको वातावरणमा काम गर्नका लागि उनीहरूले गरेका अथक प्रयासहरूलाई संरक्षण गर्न पर्याप्त संयन्त्रहरूको पनि आवश्यकता पर्दछ। राष्ट्रिय मानवअधिकार संस्थाहरू तथा नीतिनिर्माताहरूले अन्तर्राष्ट्रिय समुदायसँग मिलेर मानवअधिकार रक्षकहरूलाई खुलेर बोल्न तथा विभेदलाई रोक्न सक्ने तुल्याउन कुनै पनि कसर बाँकी राख्न हुँदैन।



Office of the High Commissioner
for Human Rights

Tel.: + 977 1 4280164
Fax: + 977 1 467 0712
Website: http://nepal.ohchr.org

For further information, contact
Chun Gurung
Ext. : 320
Email: cgurung@ohchr.org
Mobile: 98510 16937

विभेदसँग लड्ने मानवअधिकार रक्षकहरूलाई यस वर्षको मानवअधिकार दिवसमा मान्यता दिई स्वागत गर्रिदैछ। मानवअधिकार उच्चायुक्त नभि पिल्लेले यस दिवसका अवसरमा भन्नुभएका शब्दहरू उद्धृत गर्दै म आफ्नो भनाइ टुङ्ग्याउन चाहन्छुः

> "सन् २०१० को मानवअधिकार दिवसमा विवेकशील मानिसहरूसँग ऐक्यबद्धताको घोषणा गर्दै हामी उनीहरूको प्रशंसा गर्दछौं–तिनीहरू जो सबै राष्ट्रियता र अन्त्यहीन विविध पृष्ठभूमिबाट आएका पुरुष र महिला, तन्नेरी र वृद्धवृद्धा हुन् जो आफ्नो काममा अडिग रहेर मानवअधिकारका निम्ति खुलेर बोल्छन्।"

धन्यवाद!





Office of the High Commissioner
for Human Rights

Tel.: + 977 1 4280164
Fax: + 977 1 467 0712
Website: http://nepal.ohchr.org

For further information, contact
Chun Gurung
Ext. : 320
Email: cgurung@ohchr.org
Mobile: 98510 16937